"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधार, समृद्ध छथर निर्माणको आधार"

# छथर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
शुक्रबारे, तेह्रथुम

१ नं. प्रदेश नेपाल

फोन नं ०२६-४२००९९

सु. नं. :- २९-०७७/०७

### उद्यम विकास सहजकर्ता ( EDF ) करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०७/२८

प्रस्तुत विषयमा आ. व. २०७७/७८ मा छथर गाउँपालिकामा सञ्चालन हुने गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) को व्यवस्थित रुपमा कार्यन्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता ( EDF ) पद रिक्त रहेकोले उक्त पदको खुल्ला प्रतियोगितात्मक प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट करार सेवामा लिइ पदपूर्ति गर्नुपर्ने भएकाले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र माग बमोजिमका विवरण, राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क. स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२-०७७/०७८ | उद्यम विकास सहजकर्ता ( EDF ) | सहायकस्तर चौथो | २ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-**

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ( सिटिइभिटी ) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि डिप्लोमा कोर्ष उतिर्ण गरेको, वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ( सिटिइभिटी ) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको,वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् ( सिटिइभिटी ) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धि प्राविधिक प्रवेशिका परीक्षा ( टिएसएलसी ) उत्तीर्ण गरेको

(घ) कम्तिमा ३ महिने कम्प्युटर तालिम पूरा भई आधारभुत कम्प्युटर सीप भएको ।

(ङ) उमेर :- कम्तिमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको ।

२. दरखास्त दिने स्थान : छथर गाउँकार्यपालिकाको कार्यालय, शुक्रबारे तेह्रथुम वा दरखास्त फारम, शैक्षिक प्रमाणपत्रको प्रतिलिपी र दस्तुर तिरेको भौचर स्क्यान गरि यस छथर गाउँपालिकाको ई-मेल ठेगाना : chhathargaunpalika@gmail.com मार्फत बुझाउनु पर्नेछ ।

**(नोट :- ई-मेल मार्फत दरखास्त दिएका परिक्षार्थीले परिक्षा दिन आउदा पेश गरेको सक्कल दरखास्त फारम, भौचर, शैक्षिक प्रमाणपत्र पेश गर्नु पर्नेछ अन्यथा परिक्षार्थीलाई परिक्षा दिन बाट समेत बञ्चित गराउन कुनै बाधा पुग्ने छैन । )**

३. दरखास्त दिने अन्तिम मिति :- मिति २०७७/०८/०४

४. आवेदन दस्तुर :- रु ४०० ।- मात्र ( चार सय )

५. आवेदन दस्तुर बुझाउने ठाउ :- छथर गाउँपालिका राजश्व शाखा वा छथर गाउँपालिकाको नेपाल बंगलादेश बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०५३०००११४१ मा बुझाउनु पर्नेछ ।

६. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रम र अन्तर्वार्ता

७. आवेदन साथ संलग्न कागजातहरु :- आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपि

**क.** नागरिकताको प्रमाणपत्र **ख.** शैक्षिक योग्यताका प्रमाणपत्र **ग.** अनुभव सम्बन्धि कागजात **घ.** २ प्रति पासपोर्ट साइजको फोटो

८. सेवा सुविधाहरु :- गाउकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण गाउपालिकाले उपलब्ध गराए बमोजिम हुनेछ ।

**नोट :-दरखास्त फाराम यस गाउँपालिकाको वेभसाइट www.chhatharmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।**

गुणराज बानियाँ

निमित्त प्रमुख प्रशासकीय अधिकृत